# वार्षिक प्रगति प्रतिवेदन

# (Annual Progress Report)

२०७७/७८

(2020-2021)

INLOGOS

## स्वशासन अध्ययन प्रतिष्ठान

(INLOGOS)

काठमाडौं

## विषय सूची


१. पृष्ठभूमि ........ २

२. कार्यक्रमहरु ........ ३

२.१. परिवर्तन परियोजना कार्यान्वयन ........ ३

२.१.१ स्थानीय तहको नीति, कार्यविधि तयारी ........ ४

२.१.२ समावेशी योजना तर्जुमा प्रक्रिया वारे जनप्रतिनिधिहरुको लागि तालिम........ ४

२.१.३ स्थानीय शासन प्रकृयामा नागरिक सहभागिता अभिवृद्धिका लागि पैरवी रणनीति तयारी........५

२.१.४ विषयगत समितिहरुको लागि क्षमता विकास कार्यक्रम सहजीकरण........५

२.१.५ सुशासन पाठशालाको लागि स्रोत सामग्री तयारी........५

२.१.६ स्थानीय तहको सार्वजनिक वित्तिय व्यवस्थापन सम्बन्धी अध्ययनः ........ ६

२.२. स्थानीय तहको राजश्व सुधार कार्ययोजना तयारी ........ ६

२.३ स्थानीय तहको क्षमता विकास योजना तयारी........७

२.४ कर्णाली प्रदेश सरकारको लैंगिक समानता तथा सामाजिक समावेसीकरण परीक्षण........ ८

२.५. तीन तहको सरकारको संरचनामा करारोपणमा भएको दोहोरोपना सम्वन्धी अध्ययन........ ८

२.६ टेवल क्यालेण्डर प्रकाशन........९

३ प्रतिष्ठानका पदाधिकारीहरु ........९

# १. पृष्ठभूमि

नेपालमा संघीय शासन पद्धतिको संस्थागत विकास गरी सार्वजनिक सेवा प्रवाहको अवस्थामा सुधार ल्याउन सकेमा मात्र राज्य संयन्त्र प्रति नागरिक विश्वास वढ्न सक्नेछ । यसको लागि स्थानीय तहको संस्थागत क्षमता विकास हुनु आवश्यक छ । राष्ट्रियस्तरमा स्थापना भै गैर-सरकारी, गैर-नाफामुलक र गैर-राजनैतिक संस्थाको रुपमा रहेको स्वशासन अध्ययन प्रतिष्ठान स्थानीय तहलाई जवाफदेही ढंगवाट सेवा प्रदान गर्न सहयोगी भूमिकामा रही कार्य गरिरहेकोछ । नेपालको सर्वाङ्गीण विकास विकेन्द्रित शासन पद्धतिबाट मात्र सम्भव छ भन्ने सिद्धान्तबाट अभिपे्ररित भई स्थानीय स्वायत्त शासन पद्धतिको मूलभूत आधारहरुको प्रवद्र्धन गर्दै स्थानीय विकास प्रक्रियामा सघाउ पुग्ने गरी विगत सोह्र वर्षदेखि यस प्रतिष्ठानले काम गर्दै आएको छ । विश्वव्यापी महामारीको अवस्थामा रहेको कोभिड-१९ का कारण प्रतिष्ठानको गतिविधिहरु संचालनमा प्रतिकूल असर परेको प्रतिष्ठानले आफ्ना गतिविधिहरु निरन्तर संचालन गरिरहेको छ । प्राप्त अवसरको उपयोग गर्दै आफ्नो लक्ष्य प्राप्तिमा लागिरहेको यस प्रतिष्ठान विकेन्द्रीकरण र स्थानीय स्वायत्त शासनको क्षेत्रमा काम गर्ने नेपालको एक विशिष्टीकृत संस्थाको रुपमा स्थापित भैसकेको छ । यस प्रतिवेदनमा प्रतिष्ठानले आ.व. २०७७/७८ मा सम्पन्न गरेका कार्यहरुको संक्षिप्त झलक प्रस्तुत गरिएको छ ।



## २. कार्यक्रमहरु

## २.१. परिवर्तन परियोजना कार्यान्वयन

स्थानीय शासन प्रक्रियामा नागरिक सहभागिता सुनिश्चित गर्न सकेमा मात्र सार्वजनिक सेवा प्रवाहको अवस्था र गुणस्तरमा सुधार भै अपेक्षित उपलब्धि हासिल गर्न सकिन्छ भन्ने अवधारणाका साथ डोटी र अछाम जिल्लाका ६ वटा स्थानीय तहमा परिवर्तन परियोजना संचालन गरिएको छ । युरोपियन युनियनको आर्थिक सहयोग तथा डिसिए नेपाल, स्वशासन अध्ययन प्रतिष्ठान (INLOGOS) काठमाडौं, मालिका विकास संस्था (MDO) अछाम र समता विकास केन्द्र (EDC) डोटी को साझेदारीमा यो परियोजना संचालन भैरहेको छ । सन् २०१९ देखि २०२२ सम्म संचालन हुने यस परियोजनाले देहाय वमोजिमका मुख्य नतिजा हासिल गर्ने अपेक्षा गरेको छः



- लक्षित वर्ग, नागरिक सामाज संस्था र स्थानीय तहको क्षमता विकास भै जवाफदेही शासन पद्धति स्थापना हुने
- स्थानीय तहको नीति, योजना र कार्यक्रममा लक्षित वर्गको माग र आवश्यकता सम्वोधन भएको देखिने प्रभावकारी अनुगमन, मूल्यांकन पद्धतिको विकास भै सेवा प्रवाह सरल हुने
- प्रदेश सरकार र स्थानीय तह विचको समन्वय विकास गरी साझा नीति तथा कार्यक्रम तर्जुमा हुने ।

यस परियोजना अन्तर्गत आर्थिक वर्ष २०७७/७८ मा मुख्य रूपमा देहायका कार्यक्रमहरु सम्पन्न भएका छन्ः

### २.१.१ स्थानीय तहको नीति, कार्यविधि तयारी

विद्यमान कानूनी व्यवस्था अनुसार स्थानीय तहको कार्य संचालन प्रक्रियमा सहयोग पुग्ने गरी प्रतिष्ठानको प्राविधिक सहयोगमा परियोजना लागु भएका स्थानीय तहहरुले देहायका नीति तथा कार्यविधिहरु तर्जुमा गरेका छन्ः



(१) लैगिंक समानता तथा सामाजिक समावेशीकरण नीति

(२) गैर सरकारी संस्था (समन्वय तथा परिचालन) निर्देशिका

(३) विषयगत समिति (गठन तथा सञ्चालन) कार्यविधि

(४) अनुगमन तथा सुपरिवेक्षण समितिको कार्य सञ्चालन कार्यविधि

(५) सार्बजनिक सुनुवाई कार्यविधि

(६) सामाजिक परीक्षण कार्यविधि

(७) गुनासो व्यवस्थापन कार्यविधि

### २.१.२ समावेशी योजना तर्जुमा प्रक्रिया वारे जनप्रतिनिधिहरुको लागि तालिम

विद्यमान कानूनी व्यवस्थाको अधिनमा रही स्थानीय तहको योजनालाई कसरी नतिजामूखि वनाउन सकिन्छ भन्ने विषयमा ध्यान केन्द्रीत गर्दै स्थानीय तहका निर्वाचित पदाधिकारीहरुको लागि समावेशी योजना तथा बजेट तर्जुमा सम्बन्धी तालिम संचालन गरिएको छ । यस तालिममा स्थानीय तहको योजना तर्जुमा प्रक्रिया, नागरिक सहभागिता, योजनाको प्राथमिकता निर्धारण, स्थानीय तहको बजेट, कर तथा गैर कर सम्बन्धी नीतिगत व्यवस्था, बजेट विनियोजन, अनुगमन, प्रतिवेदन जस्ता विषयमा जानकारी गराईएको थियो । योजना तर्जुमा प्रक्रिया र बजेट विनियोजन जस्ता विषयहरु सहभागिको मुख्य चासोका रुपमा रहेका थिए ।



### २.१.३ स्थानीय शासन प्रकृयामा नागरिक सहभागिता अभिवृद्धिका लागि पैरवी रणनीति तयारी

स्थानीय सरकार नागरिकहरुको नजिकमा रहेर कार्य गर्ने भएको हुदा संविधानतः स्थानीय सरकारहरुले नागरिकको आवश्यकतालाई सम्वोधन गर्न सक्ने गरी कानुन बनाउने, नीति तथा योजना तर्जुमा गर्ने, यसको कार्यान्वयन र अनुगमन गर्ने कार्य समेत गर्दै आइरहेको छ । सार्वजनिक सेवा प्रवाह गर्दा महिला, दलित, बालबालिका, विपन्न लगायतका लक्षित वर्गलाई प्राथमिकता दिनु पर्दछ । यसै विषयलाई ध्यानमा राख्दै नागरिक सशक्तिकरण र जवाफदेही स्थानीय शासन प्रवद्र्धन गर्न सघाउ पुग्नेगरी पैरवी रणनीति तयार गरिएको छ । यस रणनीतिले स्थानीय शासन प्रक्रियामा बञ्चितीकरणमा परेका वा पारिएका वर्ग र आम नागरिकको सहभागिता वृद्धि गर्न रणनैतिक वातावरण सृजना गर्नेछ ।

### २.१.४ विषयगत समितिहरुको लागि क्षमता विकास कार्यक्रम सहजीकरण

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन र प्रचलित कानून अनुसार स्थानीय तहको भूमिकालाई प्रभावकारी वनाई जनअपेक्षा अनुसार सार्वजनिक सेवा प्रवाह गर्न स्थानीय तहमा रहेका विषयगत समितिहरुको भूमिकालाई प्रभावकारी वनाउनु आवश्यक छ । यसै आवश्यकतालाई ध्यानमा राखि परिवर्तन परियोजनाले स्थानीय तहका विषयगत समितिहरुको क्षमता विकासमा सहयोग गर्ने कार्यक्रम वनाएको छ । जस अनुसार विषयगत समिति र कार्यपालिका सदस्यहरु संग विभिन्न चरणमा औपचारिक वा अनौपचारिक अन्तरकृया र अभिमुखिकरण गरिएको छ ।




### २.१.५ सुशासन पाठशालाको लागि स्रोत सामग्री तयारी

स्थानीय तहको गठन, संचालन, काम, कर्तव्य, अधिकार, सार्वजनिक सेवा प्रवाह र नागरिक सहभागिता जस्ता विषयहरु समावेश गरिएको सचित्र स्रोत सामग्री तयार गरिएको छ । यो सामग्री छपाई गरी प्रत्येक सुशासन पाठशाला, सामाजिक परिचालक, स्थानीय

सहजकर्ता र नागरिक समाज संस्थाहरुलाई उपलव्ध गराईएको छ । सुशासन पाठशालामा स्रोत सामग्रीको रुपमा प्रयोग भएको यो प्रकाशन नेपालको संघीय संरचना र स्थानीय तहको वारेमा चासो राख्ने हरेक नागरिकको लागि उपयोगी भएको छ ।

### २.१.६ स्थानीय तहको सार्वजनिक वित्तिय व्यवस्थापन सम्बन्धी अध्ययनः



स्थानीय तहको सार्वजनिक वित्तीय व्यवस्थापन अन्तर्गत राजस्व र खर्चको अनुमान सहितको बजेट निर्माण गर्ने, बजेटको कार्यान्वयन गर्न राजस्वको असूली र सर्व सञ्चित कोषमा दाखिला गर्ने, स्वीकृत विनियोजन बजेट अनुसार अधिकार प्राप्त अधिकारीबाट कानूनको परीधिभित्र रहेर स्वीकृत कार्यक्रम कार्यान्वयनको लागि खर्च गर्ने, कार्ययोजना बमोजिम वस्तु वा सेवा आपूर्ति वा सार्वजनिक निर्माणको कार्य गर्न सम्झौता गर्ने लगायतका कामहरु सम्पादन गरिन्छ । प्रतिष्ठानले परियोजना संचालन भएका स्थानीय तहहरुको सार्वजनिक वित्त व्यवस्थापन सम्वन्धी अध्ययन गरेको छ । परियोजनाका साझेदार स्थानीय तहको आन्तरिक राजस्व परिचालन तथा सार्वजनिक खर्च व्यवस्थापन क्षमता, स्थानीय तहको विनियोजन दक्षता र खर्च प्रभावकारितामा प्रभाव पार्ने आन्तरिक तथा बाह्य कारक तत्वहरुको विश्लेषण गरिएको यो प्रतिवेदन उपयोगी देखिएको छ । मस्यौदा प्रतिवेदन स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरु सहभागि भएको कार्यशाला गोष्ठीमा छलफल गरी यसलाई अन्तिम रुप दिईएको थियो । यो प्रतिवेदन सम्बन्धित स्थानीय तहहरुलाई उपलव्ध गराईएको छ । प्रतिवेदनले सुझाएका कार्यहरु सम्पादन गर्न स्थानीय तहहरुले प्रतिवद्धता व्यक्त गरेका छन् ।

## २.२. स्थानीय तहको राजश्व सुधार कार्ययोजना तयारी

स्थानीय सरकारलाई संविधानद्वारा प्रदान गरिएको कार्यजिम्मेवारी पुरा गर्न आवश्यक पर्ने स्रोत साधनको परिपूर्तिका लागि आन्तरिक स्रोत परिचालन, अन्तरसरकार वित्तीय हस्तान्तरण, राजश्व वाँडफाँड र आन्तरिक ऋण परिचालन गर्ने व्यवस्था गरिएको छ । संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा राजश्व वाँडफाँड रकमले केही अंश स्थानीय तहको खर्च आवश्यकता पुरा हुने भए तापनी विकास निर्माण तथा सेवा प्रवाहको लागि आवश्यक पर्ने साधनको जोहो गर्न स्थानीय तहलाई राजस्व अधिकार प्रदान गरिएको छ ।

सुदूर पश्चिम प्रदेश, कञ्चनपुर जिल्लाको पुर्नवास नगरपालिका र कैलाली जिल्लाको गैरीगंगा नगरपालिका तथा लुम्विनी प्रदेश, दाङ जिल्लाका दंगीशरण गाउँपालिका, तुलसिपुर उपमहानगरपालिका र घोराही उपमहानगरपालिका गरी जम्मा ५ वटा स्थानीय तहहरुको आन्तरिक स्रोत परिचालनलाई सुदृढ गर्न प्रतिष्ठानको सहयोगमा राजस्व सुधार कार्ययोजना तयार गरिएको छ । सम्बन्धित स्थानीय तहको आन्तरिक स्रोतको सम्भाव्यता, परिचालनको अवस्था र त्यसमा सुधार गर्नुपर्ने पक्षहरुमा अध्ययन गरी प्राप्त नतिजाको आधारमा तीन बर्षको कार्ययोजना तयार हो छ ।



## २.३ स्थानीय तहको क्षमता विकास योजना तयारी

देशको संविधान तथा कानूनको परिधीभित्र रही आफ्नो अधिकारक्षेत्र भित्रको नीति, कानून, मापदण्ड, कार्यक्रम र बजेट, श्रोत साधनको परिचालन र कर्मचारीको व्यवस्थापनको स्वायत्तता तिनै तहका सरकारमा रहेको । यसले निर्वाचित सरकारहरुलाई जवाफदेही वनाउन र जनतालाई सशक्तिकरण हुने अवसर उपलब्ध गराउनुका साथै नागरिक सहभागिता जुटाइ राज्यमाथि नागरिकको स्वामित्ववोध गर्न अनुकुल वातावरण सृजना गरेको छ । यसको लागि संस्थागत एवं मानवीय क्षमता सुदृढ हुनु आबश्यक छ । यसै सवाललाई ध्यानमा राखि स्वशासन अध्ययन प्रतिष्ठानले लुम्विनी प्रदेशका ६ वटा स्थानीय तहहरुको ३ वर्षे क्षमता विकास योजना तर्जुमा गरी सम्बन्धित स्थानीय तहलाई उपलव्ध गराएको छ । यो कार्य नवलपरासी - वर्दघाट-सुस्ता पश्चिम-जिल्लाको रामग्राम नगरपालिका र सरावल गाउँपालिका, रुपन्देही जिल्लाको देवदह नगरपालिका र सियारी गाउँपालिका तथा कपलिवस्तु जिल्लाको महाराजगंज नगरपालिका र यसोधरा गाउँपालिकामा सम्पन्न भएको छ ।



## २.४ कर्णाली प्रदेश सरकारको लैंगिक समानता तथा सामाजिक समावेसीकरण परीक्षण




नेपाल सरकारले लैंगिक समानता तथा सामाजिक समावेसीकरण मुद्दाहरूमा नीतिगत तथा कानूनी सुधार गर्दै अग्रता दिइरहेको सन्दर्भमा कर्णाली प्रदेश सरकारले समेत यस विषयलाई आफ्ना नीति, योजना तथा कार्यक्रम र बजेटमा मुलप्रबाहीकरण गर्नुपर्ने देखिएको छ । यसको शुनिश्चितताक लागि प्रतिष्ठानको विज्ञ परामर्श सेवामा कर्णाली प्रदेश सरकारको लैंगिक समानता तथा सामाजिक समावेसीकरण परीक्षण सम्पन्न भएको छ ।

## २.५. तीन तहको सरकारको संरचनामा करारोपणमा भएको दोहोरोपना सम्वन्धी अध्ययन

विद्यमान संवैधानिक व्यवस्था अनुसार नेपालमा राज्यको शक्ति संघ, प्रदेश र स्थानीय तह गरी तीनतहमा वाडिएको छ । तिनवटै तहहरुले कुनैन कुनै रुपमा राजनीतिक, न्यायिक, आर्थिक र राजस्व सम्बन्धी अधिकारको प्रयोग गरिरहेका छन् । आर्थिक तथा राजस्व सम्बन्धी अधिकारमा मूलतः कर, शुल्क, दस्तुर समेतका राजस्व संकलन, राजश्व वाडफाड र विनियोजन गर्ने विषयहरु रहेका छन् । यस्ता अधिकारहरु प्रचलित ऐन, कानून मातहत रहि प्रयोग गर्न सकिन्छ । बजेट विनियोजन तथा खर्च सम्वन्धी कार्यहरु राजश्व संकलन र यसवाट प्राप्त आर्थिक स्रोतमा भर पर्ने हुदा राजश्व प्राप्ति र विनियोजन विच सन्तुलन कायम गर्न सक्नु पर्दछ । यस विषयलाई सम्वोधन गर्न नेपालको संविधानले तिनवटै तहका सरकारहरुलाई कर तथा गैर कर राजश्व संकलन गर्ने अधिकार दिएको छ । यस सम्वन्धी कतिपय विषयहरु एकल अधिकारको सूचीमा रहेका छन् भने कतिपयलाई विभिन्न तहविच साझा अधिकारको सूचीमा राखिएको छ । साझा अधिकारको प्रयोग गर्दा तिनवटै तहले आपसी समन्वयमा आवश्यक नीति, मापदण्ड र कानून बनाउनु पर्दछ । अनि तीनवटै तहले आफ्नो आर्थिक अधिकारक्षेत्र भित्रको विषयमा कर लगाउन र ती स्रोतहरूबाट राजस्व उठाउन सक्छन् ।

तथापि कतिपय कानूनी, नीतिगत, संस्थागत, प्रक्रियागत र व्यवहारिक असहजाताका कारण कर प्रणालीमा अप्ठ्याराहरु देखिएका छन् । यसवाट करारोपणमा दोहोरोपना देखिनुका साथै कर संकलन र वितरण प्रक्रियामा समेत समस्याहरु देखिएका छन् । यसै विषयलाई ध्यानमा राखि राजश्व परामर्श समितिले तीन तहको सरकारको संरचनामा करारोपणमा भएको दोहोरोपना सम्वन्धमा अध्ययन गरेको

हो । यस कार्यमा प्रतिष्ठानले राजश्व परामर्श समितिलाई विज्ञ परामर्श सेवा उपलव्ध गराई अध्ययन प्रतिवेदन तयार गरेको छ ।

## २.६ टेवल क्यालेण्डर प्रकाशन

सदाझै यस वर्ष पनि स्वशासन अध्ययन प्रतिष्ठानले टेवल क्यालेण्डर प्रकाशन गरेको छ । वि.सं. २०७८ सालको यो क्यालेण्डर प्रतिष्ठानका सदस्यहरुका साथै सरकारी, गैर सरकारी र अन्य सार्वजनिक संस्थाहरुलाई समेत उपलव्ध गराईएको छ ।

## ३ प्रतिष्ठानका पदाधिकारीहरु

| | |
|---|---|
| श्री पुरुषोत्तम नेपाल | कार्यकारी अध्यक्ष |
| श्री पद्मा माथेमा | निवर्तमान अध्यक्ष |
| श्री वसन्त राज गौतम | उपाध्यक्ष |
| श्री सूर्यशरण रेग्मी | कोषाध्यक्ष |
| श्री रविन्द्र नाथ अधिकारी | सदस्य |
| श्री खोम दत्त बराल | सदस्य |
| श्री विनोद प्रसाद ढकाल | सचिव |